कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्वन्धी प्रेस नोट

यस विभागबाट मिति २०८१/०६/०९ गते काठमाडौं उपत्यका भित्र चाडपर्व लक्षित खाद्य पदार्थहरुको नियमित एवं संयुक्त निरीक्षण अनुगमनका लागि तीन वटा अनुगमन टोली खटाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका खाद्य उद्योग एवं व्यवसायहरुको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ ।

| क्र.स. | मिति | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारवाही/कैफियत |
|---|---|---|---|---|
| १. | २०८१/०६/०९ | पचली भैरव पानी प्रशोधन उद्योग, ललितपुर -२३, धापाखेल | बोटलमा उत्पादन मिति र ब्याच नं नदेखिएको, पानीको गुणस्तर परिक्षण प्रतिवेदन नपाइएको, उद्योग परिसरमा अनुमतिपत्र नराखिएको, प्रशोधित पिउने पानी उत्पादन मापदण्ड २०७४ बमोजिमका अभिलेख नपाइएको र फोहोर पानी बग्ने ढल अव्यवस्थित र खुल्ला रहेको । | खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ बमोजिम १ लिटर पानीको नमुना संकलन गरिएको र उपोभोक्ता संरक्षण ऐन २०७५ बमोजिम उत्पादन रोक्का गरि प्रशोधित पानी भर्ने ठाउँमा शिलबन्दी गरिएको । |
| २. | २०८१/०६/०९ | सनराइज बेभरेज नेपाल प्रा.लि., धापासी-०६, काठमाडौं । | अर्को नामको कम्पनीको जारमा पानी फिलिंग गरि विक्री गरेको र विभागको अनुमतिपत्र नवीकरण भएको नदेखिएको । | खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ बमोजिम अनुमतिपत्र नविकरण गर्न निर्देशन दिईएको र प्रशोधन कक्षमा सिल लगाइएको । |

| | | | | |
|---|---|---|---|---|
| ३. | २०८१/०६/०९ | लक्ष्य हस्पिटालिटी प्रा.लि.,सानेपा, ललितपुर | उपभोग्य मिति समाप्त भएका ६०० ग्रामको १ थान चाउमिन, २ थान ५०० ग्रामको मसला, १ थान १ केजीको चिल्ली हट सस भेटिएको, फ्रिजको व्यवस्थित प्रयोग नभएको, फोहोरदानी खुल्ला रहेको र अनुमतिपत्र नलिएका खाद्य पदार्थको प्रयोग भएको पाइएको । | उपभोग्य मिति समाप्त भएका ६०० ग्रामको १ थान चाउमिन, २ थान ५०० ग्रामको मसला, १ थान १ केजीको चिल्ली हट सस नष्ट गरिएको र फ्रिजमा व्यवस्थित प्रकारले खाद्य पदार्थ भण्डारण गर्न र अनुमतिपत्र नलिएका खाद्य पदार्थको प्रयोग नगर्न निर्देशन दिएको । |
| ४. | २०८१/०६/०९ | फेमस मःम एण्ड स्टिक हाउस, का.म.न.पा.-२२, न्युरोड | लेबल विनाको ससेज विक्री वितरण गर्ने गरेको र सरसफाईमा कमजोरी देखिएको । | कुच्चिएको प्रशोधित पानीको जार ४ थान , लेबल विनाको र अनुमतिपत्र नलिएका ४ केजी ससेज नष्ट गरिएको, सरसफाई कायम गर्न निर्देशन दिनुका साथै निरीक्षणका क्रममा देखिएका कमजोरी सुधार गरी ५ दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको । |
| ५. | २०८१/०६/०९ | क्वालिटी फुड क्याफे, का.म.न.पा.-२२, न्युरोड | जथाभावी खाद्य रङ्गको प्रयोग गर्ने गरेको र सरसफाई कमजोरी देखिएको । | मापदण्डभन्दा बढी खाद्य रङ्ग मिसाइएको, बिरयानी मसला करिब ५ केजी नष्ट गरिएको, सरसफाई कायम गर्न र भण्डारण कक्ष व्यवस्थित गर्न र Food grade को खाद्य रङ्ग प्रयोग गर्न निर्देशन दिएको । |
| ६. | २०८१/०६/०९ | न्यू प्लेजर क्याफे एण्ड रेस्टुरेन्ट, का.म.न.पा.-२२, न्युरोड | सरसफाईमा कमजोरी रहेको र फ्रिज अव्यवस्थित रहेको पाइएको । | सरसफाईमा विशेष ध्यान दिन, कुच्चीएको जार प्रयोग नगर्न र खाद्य स्वच्छताका ५ मूलमन्त्र पालना गर्न निर्देशन दिएको । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| ७. | २०८१/०६/०९ | स्वस्तिका मार्केटिङ प्रा.लि., काठमाडौं-१४, कुलेश्वर | Pest Control को उचित व्यवस्था नभएको । | **Pest Control को उचित व्यवस्था गर्न, खाद्य पदार्थको र अखाद्य पदार्थको संगै भण्डारण नगर्न र उपोभोग्य मिति समाप्त भएका खाद्य पदार्थ छुट्टै राखि फर्काउने व्यवस्था गर्न निर्देशन दिएको ।** |
| ८. | २०८१/०६/०९ | गुन्जेश्वरी ट्रेड लिंक प्रा.लि., काठमाडौं-१४, कुलेश्वर | Pest Control को उचित व्यवस्था नभएको, मैदा तथा अन्य खाद्य पदार्थ भुइँमा भण्डारण गरिएको र केहि खाद्य पदार्थ अखाद्य पदार्थसंगै भण्डारण गरिएको । | **Pest Control को उचित व्यवस्था गर्न, खाद्य पदार्थको भण्डारणमा pallet को प्रयोग गर्न र खाद्य पदार्थ अखाद्य पदार्थसंगै भण्डारण नगर्न निर्देशन दिएको ।** |
| ९. | २०८१/०६/०९ | आर.आइ प्याकेजिङ्ग उद्योग, काठमाडौं-१४, कुलेश्वर | भुइँमा प्याकेजिङ्ग गर्ने गरेको, सरसफाई सन्तोषजनक नरहेको, कच्चापदार्थ सिधै भुइंमा भण्डारण गर्ने गरेको र Pest Control को उचित व्यवस्था नभएको । | निरीक्षणका क्रममा देखिएका कमी कमजोरी सुधार गरि ५ दिन भित्र प्रमाण सहित विभागमा उपस्थित हुन् निर्देशन दिएको । |

मितिः २०८१/०६/०९
ने.सं.: ११४४ञलागा अष्टमी, बुधबार
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग,
बबरमहल, काठमाडौं ।